नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १२० २०७९ साल मंसिर २२ गते बिहीबार (8 Dec. 2022 Thursday) मूल्य रु. ५/-

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : इस्वी संवत् लागू गर्ने प्रतिवेदन ३ पृष्ठमा : मौद्रिक नीति र ब्याजदर ... ३ पृष्ठमा भारतमा धार्मिक स्वतन्त्रता कायम ...

# विष्णुपुर गाउँपालिकाले बजेटको ठूलो भाग कृषि र शिक्षामा छुट्यायो

## कृषि मिटरको महशुल गाउँपालिकाले नै तिर्ने निर्णय







**दैनिक समाचारदाता**
**राजविराज, २१ मंसिर ।**

सप्तरीको विष्णुपुर गाउँपालिकाकाले बजेटको ठुलो भाग बजेटको ठुलो भाग कृषि र शिक्षामा क्षेत्रमा छुट्याएको छ।

गाउँपालिकाले यस वर्ष कृषि र शिक्षा क्षेत्रलाई उच्च प्राथमिक्तामा राखी बजेटको ठुलो भाग कृषि विद्युतीकरण विस्तार तथा शैक्षिक सुधार शिर्षकमा विनियोजन गरेको हो।

गाउँपालिकाका अध्यक्ष उमेश प्रसाद यादवले सिंचाई अभावले समस्या भोगिरहेका किसानलाई राहत उपलब्ध गराउन यस पल्ट कृषि सिंचाई विधुतीकरण योजना विस्तारका लागी १ करोड ५३ लाख रुपैया बजेट विनियोजन गरिएको जानकारी दिए। सिंचाईको अभाव र पर्याप्त पानी नपर्दा जिल्लाका प्राय सबै जसो पालिकामा किसानले आकासे खेतीमा भर पर्ने अवस्था छ।

बजेट छरेर सिध्याउनु भन्दा हरेक वर्ष एउटा/दुईटा ठोस र अतिआवश्यक विषयमा पुग्ने बजेट विनियोजन गर्ने सोच अनुसार उक्त बजेट छुट्याइएको उनको भनाई छ।

उनले पाँच वर्ष भित्र किसानको खेत/खेतमा सिंचाईका लागी पानी पुऱ्याउन र वर्षै भरी मौसम अनुसारको खेतीपाती गर्न उक्त परिमाणको रकम विनियोजन गरेको बताए।

अध्यक्ष यादवले यसका लागी गाउँपालिकाको सबै ७ वटै वडामा रहेका खेतमा सिंचाइका लागी नेपाल विद्युत प्राधिकरणसंग आवश्यक पहल थालेका जानकारी समेत दिए। विद्युत लाईन विस्तार भएपछि ट्रान्सफर जडान गरी उक्त परियोजना अन्तर्गत किसानले कृषि प्रयोजनका लागी प्रयोग गर्ने सम्पुर्ण विद्युतको महसुल गाउँपालिकाले नै तिर्ने निर्णय भएको जानकारी पनि दिए।

सिंचाई सुविधा नपुगेको र पर्याप्त वर्षा नहुदा किसानले रोपाई गर्न वर्षेनी दुःख भोग्नु परिरहेकाले पाँच वर्ष भित्र उक्त समस्याको स्थायी समाधान खोज्ने लक्ष्यका साथ पर्याप्त बजेट विनियोजन गरिएको र यो कार्य आगामी वर्षमा समेत निरन्तरता पाउने अध्यक्ष यादवको भनाइ छ।

उक्त गाउँपालिकामा करिब ४ हजार हेक्टर खेतीयोग्य जग्गा छ। जिल्लाभरमा कुल ८१ हजार ६ सय ६८ हेक्टर खेतीयोग्य जग्गा रहेकोमा ७२ हजार हेक्टर क्षेत्रफल जग्गामा किसानले वर्षे धान र ३ सय हेक्टर क्षेत्रफलमा चैतेधान लगाउदै आएको कृषि ज्ञान केन्द्र सप्तरीको तथ्याङ्क छ।

कृषि पछी शिक्षा र स्वास्थलाई उच्च प्राथमिक्तामा राख्दै काम गर्न थालेको अध्यक्ष यादवले बताए। गाउँपालिका क्षेत्र भित्रको शैक्षिक सुधारका लागी पनि यस वर्ष ३ करोड २० लाख रुपैया बजेट विनियोजन गरेको तथा यस योजना अन्तर्गत गाउँपालिका भित्रका सबै विद्यालयको स्तरोन्नती, आवश्यक जनशक्तीको व्यवस्थापन, कक्षा कोठाहरुमा पंखाको व्यवस्था, गरिब, जेहेन्दार विद्यार्थीलाई विद्यालय सम्म पहुँच बढाउन घर दैलो, निःशुल्क शैक्षिक सामाग्री र पुर्ण छात्रवृत्ती प्रदान लगायतका सेवा सुविधा उपलब्ध गराइने योजना रहेको उनले सनाए।

"म भ्रष्टाचार गर्दिन, म भ्रष्टाचार हुन दिन्न, म देश र जनताका लागी इमान्दार भएर काम गर्ने प्रतिज्ञा गर्छु" जस्ता नारा कार्यालयको भित्ता र आफ्नो कार्यकक्षको मुल ढोका मै टाँसेर काम गर्दै आएका अध्यक्ष यादवले विकासका लागी भ्रष्टाचार रोक्नु पहिलो आवश्यक्ता रहेको उल्लेख गरे।

गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा समेत पर्याप्त बजेट छुट्ट्याएको प्रमुख प्रशासकिय अधिकृत रमेश यादवले बताए। मातहतका स्वास्थ्य संस्थाहरुलाई जनशक्ति, औषधी र उपकरणले सुसज्जित बनाउन पर्याप्त बजेट छुट्ट्याइएको प्रमुख प्रशासकिय अधिकृत यादवले बताए।

यस अन्तरगत मुटु, क्यान्सर, मृगौला लगायत गम्भीर प्रकृतिका रोगीको उपचार खर्च सहयोगका लागी समेत बजेट विनियोजन गरिएको बताएका उनले निकट भविष्य मै एम्बुलेन्स खरिद गर्न लागेको जानकारी पनि दिए। उक्त एम्बुलेन्सबाट गरिब असहाय तथा गर्भवती महिलालाई उपचारका लागी बाहिर लैजानु परे निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिने उनको भनाई छ।

यस्तै गाउँपालिका भित्रका गरिब, असहाय, दलित महिलालाई १/१ थान खाना पकाउने सिलिन्डर सहितको ग्यास चुल्हो तथा आयआर्जनका लागी पशुपालनमा प्रोत्साहन र शिपमुलक तालिम सहित आवश्यक समाग्री प्रदान गर्ने निर्णय भएको गाउँपालिका कार्यालयले जनाएको छ।

# लैङ्गिक हिंसा बिरूद्ध ऱ्याली




**दैनिक समाचारदाता**
**राजविराज, २१ मंसिर ।**

लैङ्गिक हिंसा बिरूद्धको १६ दिने अभियान अन्तर्गत बुधबार राजविराजमा प्लेकार्डसहित ऱ्याली निकालिएको छ। सो ऱ्याली नगर परिक्रमा गर्दै अन्तरक्रिया कार्यक्रममा परिणत भएको थियो।

आसमान नेपालको संयोजनमा तथा मूल समारोह समितिको आयोजनामा लैङ्गिक हिंसाको अवस्था र समाधानका उपाय विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको हो।

कार्यक्रमका वक्ताहरुले हिंसा अन्त्यका लागि घरबाटै अभियान सुरू गर्नुपर्ने बताएका छन्।

कार्यक्रममा इन्सेक प्रतिनिधि मनोहर पोखरेलले सबै तह, क्षेत्र र संरचनामा लैङ्गिकमैत्री वातावरणको निर्माण गरिनु पर्नेमा जोड दिँदै समृद्ध समाजका लागि समान अग्रसरता र नेतृत्वदायी भूमिका जरुरी रहेको र त्यस्का लागि मानसिकता परिवर्तन हुनुपर्ने बताए।

सामुदायिक सेवा केन्द्रका अध्यक्ष हितनारायण लाल दासले महिला हिंसा अन्त्यको लागि घरबाटै छोरा र छोरीबीचको विभेदको अन्त्य गर्नु पर्ने बताए। उनले सामाजिक सुरक्षालाई विशेष महत्व दिएर समानता कायम गर्नु पर्ने धारणा राखे।

आसमान नेपालका रेणु सिंहको अध्यक्षता र शान्ता सिंहको स्वागत पछि सुरु भएको कार्यक्रममा राजविराज नगरपालिकाकी अनिता चौधरी, सामुदायिक सेवा केन्द्रका सचिव संजय शर्मा, सहयोगी समाजका रामप्रकाश चौधरी, मिलापकी अध्यक्ष रमिला साह, थारु महिला समन्वय समतिका अध्यक्ष चन्द्रकला चौधरी, प्याब्सन मधेस प्रदेशकी उपाध्यक्ष रिभा मिश्रले शुभकामना मन्तव्य दिएका थिए।

कार्यक्रममा लैङ्गिक हिंसा बिरूद्ध अभियानमा संलग्न अधिकारकर्मीहरुलाई आसमान नेपालले सम्मान समेत गरेको थियो।

# प्रतिनिधिसभातर्फ समानुपातिकमा जनमत र जसपाको ५/५ सीट

## मधेशमा जनमत र जसपाको ७/७ सीट

**दैनिक समाचारदाता**
**राजविराज, २१ मंसिर ।**

मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन अन्तरगत प्रतिनिधिसभातर्फ जनमत पार्टी र जसपाले ५/५ सीट पाएको छ। यस्तै मधेश प्रदेशसमा पनि जनमत र जसपाले समानुपातिकतर्फ ७/७ सीट पाएको छ।

निर्वाचन आयोगले बुधबार प्रकाशित गरेको प्रेस विज्ञप्तिमा प्रतिनिधिसभातर्फ नेकपा एमालेले ३४ सीट, नेपाली काँग्रेसले ३२ सीट, माओवादी केन्द्रले १४ सीट, राष्ट्रिय

*बाँकी अन्तिम पृष्ठमा*

**जग्गा बिक्रिमा**

राजविराज वडा नं. ३ थानगाछी स्कुल नजिक एल आकारका चौखुट्टे जग्गा बिक्रिमा रहेको हुँदा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ। – **सम्पर्क नं. ०३१-५३०४३४**

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, "**बचत गरौं समृद्ध वनौं**"

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## सम्पादकीय

## चिसो बढे पनि, पूर्व तयारी छैन्

बिस्तारै चिसो बढ्दै छ । मंसिर महिनाको अन्ततिर चिसो बढिरहेको छ । सप्तरी जिल्लामा अत्याधिक चिसो र शीतलहरका कारण विगतमा दर्जनौं मानिसले ज्यान गुमाइसकेका छन् । गरीब तथा विपन्न समुदायका मासिकहरु यस मौसममा बढी मारमा पर्ने गरेका छन् भने वृद्धवृद्धा तथा बालबालिकाहरुले यस मौसममा बढी कष्ट ब्यहोर्नु परिरहेका हुन्छन् ।

यता चिसोबाट बच्नका लागि स्थानिय तहहरुले कुनै तयारी गरेहको देखिन्न् । सरकारी स्तरबाट उनीहरुको जीवनस्तरमा सकारात्मक सुधार ल्याउनका लागि नसोचिदा उनीहरुको जीवन थप कष्टकर बन्ने गरेको छ । मौसममा आएको परिवर्तनसँगै उनीहरुमा रुघाखोकी, निमोनिया र झाडापखाला जस्ता रोग समेत देखिन्छ । यस वर्ष चिसोबाट जोगिन स्थानीय तहबाट समेत खासै उपाय अवलम्बन गरिएको देखिदैन् ।

सप्तरीका विपन्नहरुको जीवनस्तरलाई सामान्य बनाउन विभिन्न सरकारी तथा गैरसरकारीबाट पहल थाल्न जरुरी छ । तसर्थ विपद् व्यवस्थापन समिति, रेडक्रस, स्थानीय तह समेतको समन्वयकारी भूमिकाबाट गरीब तथा विपन्नहरुको अवस्था सुधार्न सकिन्छ । यसका लागि पूर्वतयारी आवश्यक छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# इस्वी संवत् लागू गर्ने प्रतिवेदन बुझाएकामा आपत्ति

काठमाडौँ, २१ मङ्सिर (रासस) ।

नेपाल संवत्‌को व्यावहारिक अध्ययन गर्न केही वर्षअघि सरकारले गठन गरेको कार्यदलले नेपालमा इस्वी संवत् लागू गर्नुपर्ने प्रतिवेदन सरकारलाई बुझाएकामा आपत्ति जनाएको छ ।

नेपाल प्रज्ञा प्रतिष्ठान संस्कृति विभागद्वारा नेपाल संवत् न्हूँद राष्ट्रिय समारोह समितिसँगको सहकार्यमा आयोजित 'नेपाल संवत् न्हूँद' विषयक विद्वत् गोष्ठीका वक्ताले नेपालका मौलिक संवत्लाई छोडेर विदेशी संवत् चलाउन प्रतिवेदन बुझाएर भ्रारा टारेकाप्रति आपत्ति जनाएका हुन् । कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले नेपाल संवत् समुदाय विशेषको नभइ सबै नेपालीको हो भन्नुभयो ।

"नेपाल संवत्‌को सुरुवात गर्ने शङ्खधर साख्वाको नाममा आगामी वर्षदेखि तीन जनालाई रु एक/एक लाख राशिको पुरस्कार दिन कार्यविधि निर्माण भएको छ, यो पुरस्कार अब राष्ट्रिय विभूति शङ्खधर साख्वाको नाममा प्रत्येक वर्ष प्रदान गरिनेछ", मन्त्री श्रेष्ठले भन्नुभयो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्रमा भेटिएको भनिएको साख्वासँग सम्बन्धित सामग्रीका बारेमा अध्ययन गर्न समिति गठन गरिएको उहाँले जानकारी दिनुभयो ।

प्रतिष्ठानका निमित्त कुलपति डा जगमान गुरुङले जनताले देशका नाममा प्रवर्द्धन गरेको नेपाल संवत् राष्ट्रिय गौरवको विषय भएको बताउनुभयो । नेपाल संवत् र नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले प्रकाशन गर्ने पात्रो (पञ्चाङ्ग) को गणित नमिलेकाले त्यसलाई मिलाउनुपर्नेमा उहाँले जोड दिनुभयो । सांस्कृतिक गतिविधिमा अघि रहेको नेवार समुदायका अगुवालाई नेवारी संस्कृतिका विषयमा गोष्ठी गराैं भन्दा सुनुवाई नभएको गुनासो निमित्त कुलपति गुरुङको थियो । राजधानी उपत्यकाका तीन सहरको सांस्कृतिक महत्व रहेको उल्लेख गर्नुहुँदै उहाँले त्यसको संरक्षणमा यहीँको समुदाय लाग्नुपर्नेमा जोड दिनुभयो ।

लुम्बिनी बौद्ध विश्वविद्यालयका पूर्वउपकुलपति प्रा डा त्रिरत्न मानन्धरले कार्तिक शुक्ल प्रतिपदामा नेपाल संवत् मनाएर वर्षभर चुप लागेर बस्ने परम्परालाई तोड्दै यस विषयमा बहस चल्ने गरी कार्यक्रम आयोजना गरिएकामा उहाँले खुसी व्यक्त गर्नुभयो । 'नेपाल संवत् : सैद्धान्तिक आधार तथा व्यावहारिक पक्ष' विषयमा कार्यपत्र प्रस्तुत गर्नुहुँदै उहाँले ऋण तिर्न नसक्ने जनताको ऋण तिरिदिएर साख्वाले नेपाल संवत् चलाएको सुनाउनुभयो ।

तत्कालीन राजा राघवदेवले पशुपतिनाथलाई समर्पण गरेर नेपाल संवत् चलाएको विषय विभिन्न वंशावलीमा लेखिएको उहाँले जानकारी उहाँले दिनुभयो । 'शङ्खधर साख्वा र नेपाल संवत्' विषयमा कार्यपत्र प्रस्तुत गर्नुहुँदै प्रा डा पुरुषोत्तमलोचन श्रेष्ठले संस्कृति मरे देश मर्ने र जीवित जनता पनि मृतसरह हुने भएकाले संरक्षण गरिनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा पूर्वमन्त्री तीर्थराम डङ्गोल, पूर्वसांसद हिरण्यलाल श्रेष्ठ, प्रतिष्ठानका निमित्त सदस्य सचिव प्रा डा हेमनाथ पौडेल, न्हूँद समारोह समितिका प्रा डा नरेशमान बज्राचार्यलगायतले मौलिक संवत्‌का रुपमा रहेको नेपाल संवत्‌को संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो ।

# विद्यालय शिक्षाका लागि पाँच अर्ब बढी सहायता स्वीकार

काठमाडौँ, २१ मङ्सिर (रासस) ।

सरकारले विद्यालय शिक्षा क्षेत्र आयोजनाका लागि फिनल्याण्ड र नर्वे सरकारबाट प्राप्त हुने पाँच अर्ब ११ करोड अनुदान स्वीकार्ने भएको छ । सो अनुदानमध्ये फिनल्यान्ड सरकारबाट करिब रु दुई अर्ब ५४ करोड र नर्वे सरकारबाट करिब रु दुई अर्ब ५७ करोड प्राप्त हुनेछ ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीका अनुसार मङ्गलबारको मन्त्रिपरिषद्को बैठकले पोलियो भाइरस खोपको क्लिनिकल ट्रायलका लागि अनुमति दिने निर्णय गरेको छ । नगद लेखाप्रणालीमा आधारित वित्तीय प्रतिवेदनका लागि संशोधित नेपाल सार्वजनिक क्षेत्र लेखामान नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा कार्यान्वयनमा ल्याउन स्वीकृत प्रदान गर्ने निर्णय गरेको छ ।

बैठकले कर्मचारी सञ्चय कोषको प्रशासकमा जितेन्द्र धिताल (गोरखा)लाई नियुक्त गर्ने निर्णय गरेको छ । नेपाल सरकारद्वारा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा बुधबार आयोजित पत्रकार सम्मेलनमा सार्वजनिक हितका लागि आवश्यक सेवामा हड्ताल गर्न निषेध गर्ने सूचना राजपत्रमा प्रकाशन गर्ने निर्णय भएको जानकारी दिइयो ।

सरकारले किमाथाङ्का अरुण जलविद्युत्, धौवादी-मेघौली १३२ केभी प्रसारण आयोजना, लेखनाथ-दमौली २२० केभी प्रसारण आयोजना र मर्स्याङ्दी जलविद्युत् केन्द्रका लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारवाही अघि चलाउने अधिकारी तोक्नेसमेत निर्णय गरेको छ । बैठकले सेती नदी जलविद्युत् आयोजना, तनहुँ जलविद्युत् आयोजनाको २२० केभी प्रसारण लाइन, टक्सार पिखुवा खोला जलविद्युत् आयोजना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने निर्णय गरेको छ ।

यसैगरी दूध पोखरी चेपे, माथिल्लो आँखुखोला, मेवा खोला, सुपर चेपे जलविद्युत् आयोजना तथा जलपादेवी केवलकार आयोजनाका लागि राष्ट्रिय वन क्षेत्रको प्रयोग गर्न दिने निर्णय भएको छ । सरकारले सिङ्गापुरमा हुने १७औँ एसिया तथा प्रशान्त क्षेत्रीय बैठकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्यालको नेतृत्वको प्रतिनिधिमण्डललाई भाग लिन स्वीकृत दिएको छ । बैठकले तारागाउँ विकास समितिसम्बन्धी नियमावली बनाउन तथा लुम्बिनी विकास कोषको कर्मचारी सेवा, शर्त तथा सुविधासम्बन्धी नियमावलीलाई स्वीकृति दिएको छ ।

# धानको समर्थन मूल्यको कार्यान्वयन र मलको सहज आपूर्ति गर्ने माग

काठमाडौँ, २१ मङ्सिर (रासस) ।

धानको समर्थन मूल्यको कार्यान्वयन र मलको सहज आपूर्तिका लागि पहल गर्नुपर्नेलगायत विभिन्न सातबुँदे माग सरकारसँग राखिएको छ ।

अखिल नेपाल किसान महासङ्घ र नेपाल किसान महासङ्घको संयुक्त आयोजनामा बुधबार आयोजना गरिएको पत्रकार सम्मेलनमा धानको समर्थन मूल्यको कार्यान्वयन र मलको सहज आपूर्ति गर्न माग अघि सारिएको छ ।

मन्त्रिपरिषद्‌को गत कात्तिक १६ गतेको बैठकले यस वर्षका लागि धानको समर्थन मूल्य निर्धारण गर्ने निर्णय गरेको थियो । निर्धारित मूल्यअनुसार मोटो धानको मूल्य रु दुई हजार नौ सय ६२, मध्यम धानको रु तीन हजार एक सय २८ रहेको छ । गत वर्षभन्दा मोटो धानमा प्रतिक्विन्टल रु दुई सय १५ र मध्यम धानमा रु दुई सय २६ वृद्धि गरेको भए पनि लागत मूल्य र मुद्रास्फीतिका आधारमा सरकारले निर्धारण गरेको मूल्यले पनि किसानलाई लाभ नपुग्ने जनाइएको छ ।

अखिल नेपाल किसान महासङ्घका अध्यक्ष डा प्रेम दङ्गालले अविलम्ब किसानबाट धान खरिद प्रक्रिया अगाडि बढाउन माग गर्दै हिउँदे खेतीका लागि आवश्यक मलको व्यवस्था तत्काल गर्न नेपाल सरकारसँग माग गर्नुभयो । उहाँले सरकारले माग पूरा नगरे देशभरका किसान परिचालन गर्न बाध्य हुने चेतावनी दिनुभयो ।

किसान आन्दोलनको दबाबका कारण भए पनि धानको मूल्य निर्धारण गर्नु स्वागतयोग्य विषय भएको र सरकारी निकायले धान खरिद प्रक्रिया सुरु नगरेका कारण किसानहरू व्यापारीहरूलाई सस्तो मूल्यमा बेच्न बाध्य भएको नेपाल किसान महासङ्घका अध्यक्ष गणेशचन्द्र तिमिल्सिनाको भनाइ छ ।

धान खरिदका लागि आवश्यक बजेट निकासा नगरेका कारण धान खरिद प्रक्रिया अगाडि नबढेको भनाइ धान खरिद गर्ने निकाय खाद्य व्यवस्था तथा व्यापार कम्पनीको रहेको छ । सरकारले आफ्नो नीति तथा कार्यक्रम र बजेटमा धानको समर्थन मूल्य निर्धारण गरी खरिद गर्ने, यदि किसानले समर्थन मूल्यभन्दा कम मूल्यमा बिक्री गर्नु परेमा त्यस्तो फरक मूल्यसमेत शोधभर्ना दिने रहेको छ ।

# आठ कम्पनीलाई खरिद अनुगमन कार्यालयको स्पष्टीकरण

काठमाडौँ, २१ मङ्सिर (रासस) ।

सार्वजनिक खरिद अनुगमन कार्यालयले आठ निर्माण व्यवसायी र आपूर्तिकर्ता कम्पनीलाई दोस्रोपटक स्पष्टीकरण सोधेको छ ।

ठेक्का सम्झौताअनुसार काम नगर्ने ती कम्पनीलाई कालोसूचीमा राख्न नपर्ने कुनै कारण भए सात दिनभित्र लिखित स्पष्टीकरण पेस गर्न भनिएको हो । सार्वजनिक खरिद अनुगमन कार्यालयका अनुसार हेटौँडा उपमहानगरपालिका-११ मकवानपुरको गुण निर्माण सेवा, काठमाडौँको सिरुवा-कविर-सुनकोसी जेभी, पर्सा जानकीटोल-४ को मुस्कान सप्लायर्स, बानेश्वर-

बाँकी तीन पृष्ठमा

# मौद्रिक नीति र ब्याजदर परिवर्तन गर्नुपर्ने तीन मन्त्रीको धारणा

काठमाडौँ, २१ मङ्सिर (रासस)। मन्त्रिपरिषद् बैठकमा अहिलेको मौद्रिक नीति, बैंकले तोकेको ब्याजदरले उद्योगी व्यवसायीलाई उद्योग व्यवसाय सञ्चालन गर्न, तिर्नुपर्ने किस्ता र बैंकको ब्याजदर तिर्न समस्या भएकाले तत्काल निकास निकाल्नुपर्ने विषय उठेको छ।

मङ्गलबार बसेको मन्त्रिपरिषद् बैठकमा गृहमन्त्री बालकृष्ण खाण, अर्थमन्त्री जनार्दन शर्मा र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले अहिलेको मौद्रिक नीति र बैंकहरूले तोकेको ब्याजदरले अर्थतन्त्रमा गम्भीर समस्या आउने भन्दै सरकारले हस्तक्षेप गर्नुपर्ने बताउनुभएको हो।

गृहमन्त्री खाणले यस विषयमा निकास नभए उद्योग व्यवसाय र अर्थतन्त्रमा गम्भीर प्रभाव पर्ने धारणा मन्त्रिपरिषद् बैठकमा राखेको जानकारी दिनुभयो। मौद्रिक नीति र बैंकको ब्याजदरका कारण सञ्चालन गर्न नसक्ने अवस्था आएपछि धेरै उद्योगी व्यवसायीले सरकारले हस्तक्षेप गर्नुपर्ने धारणा उहाँहरूले मन्त्रिपरिषद् बैठकमा राख्नुभएको हो।

तीन मन्त्रीको धारणापछि प्रधानमन्त्री शेरबहादुर देउवाले उद्योग व्यवसाय सञ्चालन गर्ने वातावरण निर्माण गर्ने र उद्योग व्यवसायलाई सुरक्षा प्रदान गर्ने दायित्व सरकारको भएको बताउनुभएको थियो। अहिलेको मौद्रिक नीति र चर्को ब्याजदरका कारण मुलुकको अर्थतन्त्र र राजस्वमा गम्भीर प्रभाव पार्नेबारे आफू जानकार रहेको र सबै पक्षसँग संवाद गरी समस्याको समाधान निकाल्ने प्रधानमन्त्री देउवाले बैठकमा बताउनुभएको थियो।

गलत मौद्रिक नीतिका कारण आफूहरूले व्यवसायबाट हात धुनुपर्ने अवस्थामा पुगेको भन्दै उद्योगी व्यवसायीसम्बद्ध सङ्घसंस्थाले प्रधानमन्त्री देउवा र मन्त्रीहरूको पटकपटक ध्यानाकर्षण गराउँदै आएका छन्।

# समानुपातिकतर्फको सिट बाँडफाँट हुँदै

काठमाडौँ, २१ मङ्सिर (रासस)। यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिक प्रणालीतर्फ सबै मतगणना सकिएपछि निर्वाचन आयोगले प्राप्त मत र भारका आधारमा प्राप्त गर्ने स्थान (सिट) सङ्ख्या निर्धारणको तयारी गरेको छ।

आयोगमा रहेको समानुपातिक निर्वाचन प्रणालीको मुख्य निर्वाचन अधिकृतको कार्यालयले प्रतिनिधिसभा र प्रदेशसभाका लागि उक्त प्रणालीअन्तर्गत राजनीतिक दलहरूले प्राप्त गरेको मतसङ्ख्या, प्रतिशत र सिट सङ्ख्या निर्धारण गरी सोबारे निर्णयको प्रस्ताव तयार गरेको छ। मुख्य निर्वाचन अधिकृत आयोगका सचिव गोकर्णमणि दुवाडी, सम्बन्धित उच्च अधिकारी र तथ्याङ्कसम्बन्धी विज्ञ सो कार्यमा संलग्न हुनुहुन्छ। सो कार्यालयले आयोगको सूचना प्रणालीमा प्रविष्ट भएको आँकडा र निर्वाचन अधिकृतिको कार्यालयबाट लिखतरूपमा प्राप्त विवरणलाई भिडाएर अलगअलग परिणाम प्रतिवेदन (प्रस्ताव) को तयारी गरिरहेको छ। प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले मंगलबारै सबै परिणामको विवरण टुङ्गो लगाउन निर्देशन दिनुभएको छ।

आयोगबाट निर्णयलगत्तै बुधबार सम्बन्धित दललाई पत्र पठाइनेछ। प्रतिनिधिसभातर्फ कूल सदर मतको तीन र प्रदेशसभातर्फ कूल सदर मतको एक दशमलव पाँच प्रतिशत मत ल्याउने दलले थ्रेस होल्ड कटाएको मानी स्थान निर्धारण गरिनेछ। उक्त थ्रेसहोल्डको प्रतिशत कटाए पनि प्रति सांसदका लागि आवश्यक पर्ने मतभार बराबरको मत सङ्ख्या प्राप्त नगरेमा ती दलले समानुपातिकमा सदस्य सिफारिस गर्न पाउने छैनन्।

आयोगमा दलहरूले बुझाएको समानुपातिकका उम्मेदवारको बन्दसूचीका आधारमा दलहरूले पाउने सिट सङ्ख्यासहित नाम समावेशी समूह मिलाएर सिफारिसका लागि दलहरूलाई पत्राचार गर्नेछ। सोका लागि दलहरूले प्रतिनिधिसभातर्फ सात दिन र प्रदेशसभातर्फ तीन दिन समय पाउनेछन्। दलहरूबाट नामावली सिफारिस भइसकेपछि आयोगले यही मङ्सिर २६ गतेभित्रमा निर्वाचन परिणामको प्रतिवेदनसहित राष्ट्रपतिसमक्ष प्रतिवेदन बुझाउने तयारी छ।

# ब्राजिल र दक्षिण कोरियाबीचको खेल भएको 'स्टेडियम ९७४' भत्काइँदै

**दैनिक समाचारदाता**
**काडमाडौं, २१ मंसिर।**

विश्वकप फुटबलको आयोजक कतारले आफ्नो एक रंगशाला केही दिनमा नै भत्काउने तयारी गरेको छ।

कतार विश्वकपका लागि तयार गरिएको अस्थायी रंगशालाका रूपमा रहेको स्टेडियम ९७४ भत्काउन लागिएको अन्तराष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्।



विश्वकपकै लागि मात्र निर्माण गरिएको स्टेडियम ९७४ पूर्ण रूपमा भत्काइने जनाइएको छ। नामका कारण चर्चामा रहेको स्टेडियम ९७४ मा विश्वकपका ७ खेलहरू आयोजना भएका थिए।

यो रंगशालामा अन्तिम खेलका रूपमा सोमबार राति ब्राजिल र दक्षिण कोरियाबीच प्रि-क्वाटर फाइनलको खेल भएको थियो। जहाँ ब्राजिलले ४-१ प्रभावशाली जित निकाल्दै क्वाटरफाइनलमा स्थान पक्का गर्‍यो।

स्टेडियम ९७४ करिब ४० हजार दर्शक क्षमताको रहेको थियो। यो रंगशालामा खेर गएका स्टिल ९७४ वटा सिपिङ कन्टेनर प्रयोग गरेर बनाएका कारण यसको नाम नै ९७४ स्टेडियम राखिएको थियो।

साथै, कतारको कन्ट्री कोड समेत ९७४ हो, सोहीअनुसार यसको प्रयोग गरिएको थियो। यो अस्थायी रंगशाला भएकाले पूर्ण रूपमा भत्काइने जनाइएको छ।

### आठ कम्पनीलाई ...

१० को अनुष्ठान कन्स्ट्रक्सन, तीनकुनेको सिरुवा कन्स्ट्रक्सन कम्पनी प्रालि, वीरगञ्जको दिल्ली ट्रेडिङ र चितवनको जयगढी माई निर्माण कन्स्ट्रक्सनलाई स्पष्टीकरण पेस गर्न भनिएको छ।

यी निर्माण व्यवसायी तथा आपूर्तिकर्तालाई कालोसूचीमा राख्नका लागि विभिन्न निकायबाट खरिद अनुगमन कार्यालयलाई पत्राचार गरिएको थियो। सोही पत्रका आधारमा खरिद अनुगमन कार्यालयले कालोसूचीमा राख्न नपर्ने आधार-प्रमाण भए ३० दिनभित्र लिखित स्पष्टीकरण पेस गर्न भनी यसअघि नै सूचना जारी गरेको थियो। तर यी कम्पनीले हालसम्म पनि लिखित स्पष्टीकरण पेस नगरेकाले दोस्रोपटक स्पष्टीकरण सोधिएको जनाइएको छ।

ठेक्का सम्झौताअनुसार काम नगर्ने यी कम्पनीसित सात दिनभित्र लिखित स्पष्टीकरण मागिएको छ। स्पष्टीकरण चित्तबुझ्दो नआएमा कालोसूचीमा राखिने कार्यालयले जनाएको छ।


**राष्ट्रिय समाचार समिति**
**केन्द्रीय कार्यालय**
**रासस प्लाजा, काठमाडौँ**
**फोन ४२६२५३९, ४२६२७२४**

**दरभाउपत्र आह्वानको सूचना**
**(प्रथम पटक प्रकाशित मिति :- २०७९।०८।२२)**

यस समितिको तपसिल बमोजिमको कार्य सिलबन्दी दरभाउपत्रबाट गराउनु पर्ने भएकाले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र इजाजतपत्र प्राप्त इच्छुक निर्माण व्यवसायीबाट समितिद्धारा वितरीत सिलबन्दी दरभाउपत्र फारामको शर्त, सुविधाहरूको अधिनमा रही रीतपूर्वकको दरभाउपत्र आव्हान गरिन्छ। फाराम खरिद गर्न फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, गत आवसम्मको कर चुक्ता प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ। दरभाउपत्र फारम तोकिएको म्यादभित्र देहायको कार्यालयमा दर्ता गर्नुपर्नेछ। विस्तृत जानकारीका लागि समितिको केन्द्रीय कार्यालयसहित र देहायको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

| क्र.सं. | कामको विवरण | स्थान | कुल लगत इस्टिमेट रकम (मु.अ. कर सहित) रु. | धरौटी रकम रु | दरभाउपत्र खरिद दस्तुर रु |
|---|---|---|---|---|---|
| १. | कार्यालय भवन मर्मतसम्बन्धी कार्य | रासस कार्यालय, लहान, सिराह ०३३-५६४६१० | ३,४९,७९४।- | ८,८००।- | १,०००।- |
| २. | कार्यालय भवन मर्मतसम्बन्धी कार्य | रासस कार्यालय, राजविराज, सप्तरी ०३१-५२३५०८ | १,९९,९६३।- | ५,०००।- | १,०००।- |


## विश्व समाचार

### भारतमा धार्मिक स्वतन्त्रता कायम रहने अमेरिकाको विश्वास

वासिङ्टन, २१ मङ्सिर (रासस/एएनआई)।

संयुक्त राज्य अमेरिकाले भारतमा धार्मिक स्वतन्त्रता कायम रहने विश्वास व्यक्त गरेको छ। साथै उसले धार्मिक स्वतन्त्रताको रक्षाका निम्ति आफ्ना प्रतिबद्धता पूरा गर्ने विश्वास पनि व्यक्त गरेको छ।

अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रतासम्बन्धी अमेरिकी प्रतिवेदन सार्वजनिक भएपछि संवाददातालाई सम्बोधन गर्दै विदेश मन्त्रालयका प्रवक्ता नेड प्राइसले विश्वको सबैभन्दा विशाल लोकतन्त्र र धार्मिक विविधता एवम् आस्थायुक्त भारतलाई धार्मिक सहिष्णुता कायम गर्न अमेरिकाले साथ दिने बताए। साथै उनले भारतसहित अन्य देशको धार्मिक स्वतन्त्रताको स्थितिबारे निरन्तर अनुगमन गरिने जानकारी दिए।

विश्वका दुई ठूला लोकतन्त्र संयुक्त राज्य अमेरिका र भारतले धार्मिक स्वतन्त्रतासम्बन्धी परियोजनालाई अगाडि बढाउनुपर्नेमा जोड दिँदै प्रवक्ता प्राइसले भारतसँग मिलेर त्यस्ता परियोजना कार्यान्वयन गर्न अमेरिका प्रतिबद्ध रहेको स्पष्ट गरे।

सन् १९९८ को अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रता ऐनअन्तर्गत सूचीकृत देशको नाम बाइडेन प्रशासनले सार्वजनिक गरेपछि विदेशमन्त्री एन्टोनी ब्लिन्केनले अल-सबाब, बोकोहराम, हयाततहरीर अल-साम, हुथी, आइएसआईएस-ग्रेटर सहारा, आइएसआईएस-पश्चिम अफ्रिका, जमातनुसरत अल, इस्लाम वाल-मुस्लिमिन, तालिबान, वाग्नर समूहले चिन्तित तुल्याएको बताउनुभएको छ।

### जर्मनीले संसद् आक्रमणको योजना ध्वस्त

फ्र्याङ्कफर्ट, जर्मनी, २१ मङ्सिर (रासस/एएफपी)।

जर्मन प्रहरीले बुधबार राष्ट्रव्यापी छापा मार्ने क्रममा संसद्मा आक्रमणको योजना बनाएको आशङ्कामा अति दक्षिणपन्थी आतङ्कवादी समूहका सदस्य २५ जनालाई गिरफ्तार गरेको सरकारी अधिकारीले जानकारी दिएका छन्।

राष्ट्रव्यापी छापा मार्ने क्रममा तीन हजारभन्दा बढी सरकारी अधिकारीसहित आतङ्ककारीविरुद्ध सङ्लग्न रहेका समूहले बिहानको सयम कारबाही शुरु गरेको थिए। एक सय ३० भन्दाबढी सम्पत्ति खोजी गरेको जनाइएको छ। यस कार्यलाई जर्मन सञ्चारमाध्यमले ठू-ठूला प्रहरी कार्यमध्ये एक भएको बताएको छ।

'सानो सशस्त्र समूहसँग जर्मन संसद्मा हिंसात्मकरूपमा जबरजस्ती गर्न ठोस तयारी गरेको' आशङ्का गरिएको 'रेचका नागरिक' (रेच्सबर्गर) आन्दोलनका कथित सदस्यलाई लक्षितगरी छापा मारिएको अभियोजनकर्ताले एक विज्ञप्तिमा बताएका छन्।

पक्राउ परेकालाई पछिल्लो समय नोभेम्बर २०२१ को अन्त्यसम्ममा एउटा आतङ्कवादी समूह बनाएको आरोप लगाइएको छ। यस समूहले जर्मनीमा अवस्थित राज्य व्यवस्थालाई हटाउने र यसलाई आफ्नै प्रकारको राज्यले प्रतिस्थापन गर्ने लक्ष्य राखेको उनीहरूले जानकारी दिएका छन्। पक्राउ परेका २५ मध्ये दुई जना अस्ट्रिया र इटालीमा रहेका जनाइएको छ।

रेच्सबर्गर आन्दोलनले आधुनिक जर्मन गणतन्त्रको वैधतालाई अस्वीकार गर्ने नव-नाजी, षड्यन्त्र सिद्धान्तवादी र बन्दुक उत्साही समावेश रहेको छ।

'संदिग्ध आतङ्कवादी योजना ध्वस्त गरेकोमा न्याय मन्त्री मार्को बुशम्यानले ट्वीटरमार्फत प्रशङ्सा गर्नुभएको छ। यसले जर्मनीले आफ्नो लोकतन्त्रको रक्षा गर्न सक्षम भएको देखाएको मार्कोले बताउनु भएको छ।

### एक अर्ब डलर हिनामिनामा अर्जेन्टिनी उपराष्ट्रपतिलाई छ वर्षको जेल सजाय

ब्युनसआयर्स, २१ मङ्सिर (रासस/एपी)।

अर्जेन्टिनाका उपराष्ट्रपति क्रिस्टिना फर्नान्डेजलाई विभिन्न परियोजनाको एक अर्ब डलर हिनामिना गरेको मुद्दामा दोषी पाइएको छ।

उनलाई छ वर्षको जेल सजाय सुनाइएको छ भने सार्वजनिक पद धारणमा आजीवन प्रतिबन्ध लगाइएको छ।

तीन जना न्यायाधीशको इजलासले उनलाई रकम हिनामिनामा दोषी ठहर गरे पनि आपराधिक सङ्गठन सञ्चालनको अभियोगमा सफाइ दिएको छ। उक्त सङ्गठन सञ्चालको अभियोग पुष्टि भएको भए उनलाई थप १२ वर्षको सजाय हुन्थ्यो। पदमा बहाल उपराष्ट्रपति फौजदारी अपराधमा दोषी ठहर भएको यो पहिलो पटक हो।

अदालतको फैसलालाई अस्वीकार गर्दै उपराष्ट्रपति फर्नान्डेजले आफू 'न्यायिक माफिया'को शिकार भएको टिप्पणी गरेकी छन्। साथै उनले आगामी वर्ष हुने राष्ट्रपतीय निर्वाचनमा उम्मेदवारी नदिने घोषणा गरेकी छन्। उक्त निर्णयविरुद्धको पुनरावेदनउपर निर्णय नभएसम्म अदालतको फैसला कार्यान्वयन हुनेछैन भने उनलाई प्रशासनले पक्राउ पनि गर्न पाउने छैन।

अदालतको फैसला सार्वजनिक हुनेवित्तिकै उपराष्ट्रपति फर्नान्डेजका समर्थकले राष्ट्रव्यापी हडताल गर्ने चेतावनी दिएका छन्। मङ्गबार उनीहरूले ब्यूनस आयर्सको सहरी क्षेत्र बन्द गरे भने प्रहरीले खडा गरेका अवरोधका बार हटाउँदै सङ्घीय अदालत भवन अगाडि नाराबाजी गरेका छन्।

सन् २००७ देखि २०१५ सम्म राष्ट्रपतिका रूपमा देशलाई नेतृत्व प्रदान गरेकी ६९ वर्षीय फर्नान्डेजमाथि आफ्नो परिवारसँग नजिक रहेका निर्माण व्यवसायीलाई अनुचित ढङ्गले सार्वजनिक कामको ठेक्का दिएको आरोप लगाइएको थियो। अदालतको यो फैसलाले दक्षिणअमेरिकी राष्ट्रमा राजनीतिक विभाजन एवम् रक्तपात निम्त्याउने जोखिम बढाएको छ।

# प्रधानन्यायाधीश जबरामाथिको महाअभियोग निष्प्रभावीको पत्र सर्वोच्चमा

काठमाडौं, २१ मङ्सिर (रासस)।
प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरामाथिको महाअभियोग निष्प्रभावी भएको जानकारीसहितको पत्र सर्वोच्च अदालतमा पुगेको छ।

सङ्घीय संसद् सचिवालयले बुधबार पठाएको उक्त पत्र सर्वोच्च अदालतमा पुगेको र उक्त पत्र कार्यान्वयन गरिने सर्वोच्च अदालतले जनाएको छ। सर्वोच्च अदालत स्रोतका अनुसार प्रधानन्यायाधीश जबरामाथिको महाअभियोग निष्प्रभावी भएको र नियमित कार्यसम्पादन गर्न दिनु भन्ने व्यहोराको पत्र सर्वोच्च अदालतमा आइपुगेको छ।

यसअघि मङ्गलबार प्रधानन्यायाधीश जबराले महाअभियोग निष्प्रभावी भएको जानकारीका लागि सचिवालयमा निवेदन दिनुभएको थियो। उक्त पत्रमा भनिएको छ, "संविधानको धारा १०१ (२) बमोजिम तत्कालीन प्रतिनिधिसभामा पेस भएको महाअभियोग संसद्को कार्यकाल समाप्त भइसकेको हुनाले संविधानको प्रतिबन्धात्मक वाक्याङ्श बमोजिम निष्प्रभावी भएको हुँदा प्रधानन्यायाधीशको नियमित कार्यसम्पादन गर्नको लागि सम्बन्धित निकायलाई जानकारी गराइदिनु हुन सादर अनुरोध गर्दछु।"

# 'सार्वभौम संसद्को क्षेत्राधिकारमाथि हस्तक्षेप भयो'

काठमाडौं, २१ मङ्सिर (रासस)।
नेपाल बार एसोसिएसनले निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणाको निलम्बन पत्रलाई निष्प्रभावी बनाएर सार्वभौम संसद्को क्षेत्राधिकारमाथि हस्तक्षेप गरिएको निष्कर्ष निकालेको छ। बारका अध्यक्ष गोपालकृष्ण घिमिरे र महासचिव अन्जिता खनालले सार्वजनिक गर्नुभएको प्रेस विज्ञप्तिमा शून्यप्रभावित पत्र कार्यान्वयन नगर्न बारसम्बद्ध निकायको ध्यानाकर्षणसमेथ गराउनुभएको छ।

बारले विगतमा एक सय नौ दिनसम्म न्यायपालिकाको समग्र सुधार, शुद्धीकरण र सुदृढीकरणका लागि प्रधान न्यायाधीश जबराको राजीनामा समेतको राखी निरन्तर आन्दोलनमा रहेको थियो। विज्ञप्तिमा भनिएको छ, "सार्वभौम संस्था निर्णयार्थ पेश गर्ने गरी गरेको निर्णयलाई चुनौती दिँदै अविछिन्न उत्तराधिकारवाला सार्वभौम संसद्को मूल्य-मान्यताविपरीत आफ्नो पदीय हैसियतको ख्याल नगरी एक कर्मचारीबाट सार्वभौम संसद्को क्षेत्राधिकारमाथि हस्तक्षेप गरी निलम्बित प्रधान न्यायाधीश चोलेन्द्र शमशेर राणाको निलम्बनको पत्रलाई निष्प्रभावी भएको निष्कर्ष निकाल्दै पत्राचार भएको विषयमा यस एसोसिएसनको गम्भीर ध्यानाकर्षण भएको छ।" बारले नेपालको संविधान, ऐन, कानुन तथा संसदीय मूल्य-मान्यताको उल्लङ्घन भएको हुँदा सो पत्राचार गरिएको कार्यउपर नेपाल बार एसोसिएसन गम्भीर आपत्ति प्रकट गरेको छ।

# स्व गजेन्द्रनारायण सिंह स्मृति पत्रकारिता पुरस्कार पत्रकार खत्रीलाई

मलङ्गवा, २१ मङ्सिर (रासस)।
प्रथम स्व गजेन्द्रनारायण सिंह स्मृति सर्लाही पत्रकारिता पुरस्कार सर्लाहीका पत्रकार जनार्दन खत्रीलाई प्रदान गरिएको छ। नेपाल पत्रकार महासङ्घ सर्लाहीको ११ औं वार्षिक साधारणसभामा गोरखापत्रकर्मी खत्रीलाई सम्मानपत्रसहित रु १५ हजार पाँच सय ५५ नगद राशिको पत्रकारिता पुरस्कार प्रदान गरिएको हो।

लालबन्दी नगरपालिका-१३ स्थित पत्थरकोटमा मंगलबार आयोजना गरिएको साधारणसभामा विकास निर्माण, सुशासन, सामाजिक सद्भाव र भाइचारा कायम गराउनमा योगदान गर्नुभएको भन्दै पत्रकार खत्रीलाई सम्मानित गरिएको नेपाल पत्रकार महासङ्घ सर्लाही शाखाका अध्यक्ष टङ्कबहादुर क्षेत्रीले बताउनुभयो। आगामी दिनमा जिल्लामा सक्रियरूपमा कलम चलाउने पत्रकारलाई सम्मान गरिने अध्यक्ष क्षेत्रीले जानकारी दिनुभयो।

पूर्वसञ्चारकर्मी तथा मधेस प्रदेशका निवर्तमान प्रदेश प्रमुख डा राजेश झा (अहिराज) को सहयोगमा नेपाल पत्रकार महासङ्घ सर्लाहीका निवर्तमान अध्यक्ष विश्वनाथ ठाकुरले २०७६ सालमा स्व गजेन्द्रनारायण सिंह स्मृति सर्लाही पत्रकारिता पुरस्कारका लागि रु ५१ हजारको कोष स्थापना गर्नुभएको थियो।

यसैबीच नेपाल पत्रकार महासङ्घ सर्लाही शाखाको ११ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। साधारणसभामा प्रेस काउन्सिल मधेस प्रदेशका अध्यक्ष स्व शिवहरि भट्टराईको तस्वीरमा माल्यार्पण गर्दै उहाँप्रति श्रद्धाञ्जलि व्यक्त गरिएको छ। भट्टराई गएको शनिबार नै आयोजना गरिएको पत्रकार महासङ्घ सर्लाहीको साधारणसभामा आउँदा बास बसेको पत्थरकोटस्थित एक रिसोर्टमा मृत फेला पर्नुभएको थियो। त्यसदिन स्थगित गरिएको साधारणसभा मंगलबार सम्पन्न भएको हो।

# निर्वाचन सम्पन्न गरेकामा सरकारद्वारा सबैमा धन्यवाद

काठमाडौं, २१ मङ्सिर (रासस)।
सरकारले प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन यही मङ्सिर ४ गते एकैचरणमा सफलतापूर्वक सम्पन्न गरेकामा निर्वाचन आयोगलाई धन्यवाद ज्ञापन गरेको छ।

मन्त्रिपरिषद्को मङ्गलबारको बैठकले निर्वाचनलाई सफल तुल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने सम्पूर्ण मतदाता, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय, सुरक्षाकर्मी, सञ्चारमाध्यम, सञ्चारकर्मी, नागरिक समाजलगायतलाई पनि धन्यवाद दिएको छ।

नेपाल सरकारद्वारा बुधबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्की निर्वाचनमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने सबैलाई सरकारकातर्फबाट धन्यवाद दिने निर्णय भएको बताउनुभयो।

### प्रतिनिधिसभातर्फ ...

स्वतन्त्र पार्टीले १३, राप्रपाले ७ सीट पाएको विज्ञप्तिमा उल्लेख छ। योसँगै राष्ट्रिय पार्टीको मान्यता पाउने दलको संख्या ७ रहेको छ।

यसैगरि मधेश प्रदेशमा समानुपातिकतर्फ नेपाली काँग्रेसले ९ सीट, नेकपा एमालेले ८ सीट, माओवादी केन्द्रले ४, नेकपा एसले ३, लोसपा २ तथा राप्रपा, नेपाल संघीय समाजवादी र नागरिक उन्मुक्ति पार्टीले १/१ सीट पाएको छ।

नेपाल सरकार
कृषि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज**
सप्तरी

चलानी नं. : ४५६८
पत्र संख्या : ०६९।०८०
प्राप्त पत्र संख्या र मिति:

मिति: २०६९।८।२१

विषय : ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना।

बेचु दास, छनीयती, बढामी यती दर्ता रहेको साविक बसबिट्टी मौजा रैन हाल तपसिल बमोजिम नापी भएको जग्गा नामसारी गरी प्रमाण पुर्जा पाउ भन्ने गा.वि.स./न.पा. बसबिट्टी वार्ड नं. ८ बस्ने श्री चन्द्र कुमार लाल दास समेत को द. नं. २८४६ मिति ०६९।५।२१ मा निवेदन परी सार्वजनिक सूचना प्रकाशित गर्न मिति २०६९।८।२१ मा आदेश भए अनुरुप यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नामा जग्गा दर्ता नामसारी नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरी गर्नु होला। म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम नामसारी गर्ने तर्फ कानून बमोजिम कार्यवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

**तपसिल**

| गा.वि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
| --- | --- | --- | --- | --- | --- |
| बसबिट्टी | ८ | २१८ | ०-१४-१० | बेचु दास, छनी यती, बढामी यती समेत | |
| " | ८ | २२० | ०-१५-० | " | |
| मलेठ | ९ | ४२६ | ०-१५-० | " | |

०६९।८।२१

०६९।८।२१


तपाई निम्नमध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन ?

- बाल विवाह
- अनिच्छित विवाह
- बहु विवाह
- दाइजो विवाह
- दवाव विवाह

विचार गर्नुस,
के तपाई अपराध र अपराधीलाई सहयोग त गरिरहनुभएको छैन ? यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन्।

नेपाल सरकार
विज्ञापन बोर्ड






देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np